गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर ।

# आ.व.२०७९/८० को सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरेको विषय

## बजेट

नगरपालिकाको आ.व. २०७८/७९ को कूल बजेट – १ अर्ब ९४ करोड

| | बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| ०७८/७९ को कूल | १ अर्ब ९४ करोड २२ लाख | १ अर्ब ३६ करोड १२ लाख | ७०.१० प्रतिशत |
| चालू खर्च | ९७ करोड १८ लाख | ७३ करोड ८३ लाख | ७६ प्रतिशत |
| पूँजीगत खर्च | ९७ करोड ३ लाख | ६२ करोड २९ लाख | ६४ प्रतिशत |

नगरपालिकाको आ.व. २०७९/८० को कूल बजेट – २ अर्ब ३६ करोड

| | बजेट | हालसम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| ०७९/८० को कूल | २ अर्ब ३६ करोड ८७ लाख | ७७ करोड ५८ हजार | ३२.५० प्रतिशत |
| चालू खर्च | १ अर्ब ४ करोड ५५ लाख | ५१ करोड ४८ लाख ९५ हजार | ४९.२४ प्रतिशत |
| पूँजीगत खर्च | १ अर्ब ३२ करोड ३१ लाख | २५ करोड ५१ लाख ६२ हजार | १९.२८ प्रतिशत |

## नगर गौरवका आयोजनाहरु :

- नगरस्तरीय रंगशालाको फिल्ड तयारीसँगैं संरचना निर्माणको कार्यलाई गति दिएको,
- आफ्नै ईन्जिनियरिङ्ग कलेजको भवन ठेक्का प्रक्रिया मार्फत निर्माणको चरणमा रहेको ।
- ललित घुम्ती सडक निर्माणलाई निरन्तरता दिईएको एवम् नगरस्तरीय चक्रपथको सम्भाव्यता अध्ययन गर्ने क्रममा रहेको ।
- नगरको औद्योगिकग्रामको डिजायन र DPR तयारीको काम सकिएको फिल्ड निर्माणको कार्य अगाडि बढाउन लागिएको ।
- नयाँ मौलिक एवम् आधुनिक प्रशासनिक भवनबाट सबै सेवा सञ्चालन गर्न थालिएको ।
- वडा नं.१० र ५ को सिमानामा Mountain Museum निर्माणका लागि DPR बन्दै गरेको ।
- वडा नं. ९ मा Art Village को निर्माण तिव्र रुपमा अगाडि बढेको ।
- गोदावरी फुल्चोकी केवलकारको DPR तयार भएको ।

## योजना तर्फ

- आ.व.२०७८/७९ का मुख्य

| योजना तथा कार्यक्रमहरु | संख्या |
|---|---|
| नगर, वडा तथा विषयगत शाखा सहित जम्मा योजना तथा कार्यक्रमहरु | १०७६ |
| भौतिक पूर्वाधार निर्माण तर्फ मात्र | ७०५ |
| प्रदेश पूर्वाधार बिकास साझेदारी कार्यक्रम अन्तर्गतका | ३६ |
| प्रदेश समपूरक अनुदान तर्फ | २ |
| प्रदेश शशर्त अनुदान तर्फ | १० |
| संघिय शशर्त अनुदान | ३ |

| विवरण | संख्या उपभोक्ता समिति |
|---|---|
| १ लाख भन्दा कम बजेटका योजना | ८ |
| १-५ लाख सम्मका योजना | ३५२ |
| ५-१० लाख सम्मका | १०३ |
| १०-५० लाख सम्मका | ८८ |
| ५० लाख भन्दा माथि | ६ |
| कूल योजना संख्या | ३०३ |
| कार्यान्वयन भएका | २४७ |
| भुक्तानीभएका | २३५ |
| भुक्तानी नभएका | १२ |
| कार्यान्वयन हुन नसकेका | ५६ |

**आ.व.२०७९/०८० का मुख्य**

- जम्मा नगरस्तरीय पूर्वाधार तर्फका योजना संख्या : ३२१
- वडास्तरीय पूर्वधार तर्फको योजना संख्या : ३२१
- पूर्वाधार तर्फका जम्मा योजना संख्या : ६४२
- नगरस्तरीय योजना संझौता संख्या : २२३
- वडास्तरीय योजना संझौता संख्या : १५४
- भुक्तानी भएका योजना संख्या :
    - नगरस्तरीय : ६८
    - वडास्तरीय : १५१

**प्राविधिक शाखा**

- देवीस्थान खाल्टे मुल खानेपानी आयोजना सम्पन्नको चरणमा रहेको, वडा नं. २।
- नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भैरहेको ।
- महिला सुरक्षित आवासगृह निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको, वडा नं.१३
- नगरपालिकाका विभिन्न ५ वटा वडा कार्यालयहरुमा खुल्ला जिम सामाग्रीहरु उपलब्ध गराइ जडान गरिएको ।
- वडा नं. १ मा १५०० भन्दा बढी परिवारलाई Water meter वितरण गरिएको ।
- कुश्लेचौरबाट छम्पी जोड्ने सडकमा निर्माणाधीन नख्खुखोला पुल निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको ।
- ठैव-झरुवारासी सडक ढलान गरिएको ।
- झरुवारासी-पोखरीटार सडक ढलान गरिएको ।
- ठेचो-बेथेगल हुँदै हेल्थपोष्ट जाने सडक ढलान गरिएको ।
- गोदावरी प्राविधिक शिक्षालयको मुख्य भवन निर्माणको ठेक्का संझौता भई निर्माणको क्रममा रहेको ।
- बाडेगाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको ठेक्का संझौताको क्रममा रहेको ।
- किटिनी कलेजको भवन निर्माणको क्रममा रहेको ।
- महादेवखोला खानेपानी आयोजना ठेक्का संझौता भई निर्माणको क्रममा रहेको ।(लेले)
- मूलडोल खानेपानी आयोजनाको ठेक्का संझौताको क्रममा रहेको (१० नं.)
- आगामी आर्थिक वर्षदेखि नगरपालिकामा हुने सम्पूर्ण निर्माण कार्यहरुको गुणस्तर परिक्षणका लागि प्रयोगशाला सञ्चालन गर्न सामाग्री खरीदको क्रममा रहेको ।
- विशंखुनारायण-कोटडाँडा हुँदै भञ्ज्याङ जाने सडक ठेक्का संझौता भई निर्माणको क्रममा रहेको ।
- लेले भङ्याङ-टाहाखेल सडक स्तरोन्नती, कुश्लेचौर छम्पी सडक स्तरोन्नति, ढिकिडाँडा-मानेदेउराली सडक स्तरोन्नति, ठेचो-बुङ्गमती सडक, झरुवारासी-डाँडागाउँ न्यौपानेगाउँ सडक, झरुवारासी-नागदह सडक, झरुवारासी-ठेचो सडक, सेराफाँट-चारघरे सडक, सल्यान-खसिमारा सडक, प्याङगाउँ-बोहोराटार हेल्थपोष्ट सडक, ठेचो-मलामे सडक, झ्यालीपाटी-बुद्धपार्क वडा कार्यालय ठेचो सडक ठेक्का संझौता भई निर्माणको कार्य भैरहेको ।

**सुशासन र सेवा प्रवाह तर्फ**

- एकीकृत सफ्टवेयर प्रणालीको विकास गरी सबै प्रकारका सिफारीसमा एकरुपमा ल्याइएको, दर्ता, चलानीलाई सफ्टवेयर प्रणालीमा इन्ट्री गरिएको ।
- सम्पूर्ण वडा कार्यालयहरुको हाजिरीलाई व्यवस्थित गर्न ई-हाजिरीको व्यवस्था गरिएको ।
- सम्पूर्ण कार्यालयहरुमा अनिवार्य ड्रेसकोड लागू गरिएको ।
- समय-समयमा कार्यालयहरुको अनुगमन तथा छड्के निरीक्षण समेत गरिएको ।

**कृषि तर्फ**

- कृषि सम्पर्क केन्द्रका लागि ३ जना प्राविधिक नियुक्त भई फिल्डस्तरबाट सेवा प्रवाह भएको
- २४०० हिउँदे फलफूल बिरुवा ५०% अनुदानमा माग बमोजिम कृषकलाई वितरण गरिएको ।
- ३०३ वटा स्याम्पलको माटो निःशुल्क परिक्षण गरेर १५.१ टन कृषि चुन निशुल्क वितरण गरिएको ।
- कृषकलाई २७१० तरकारी कम्पोजिट प्याकेट पूर्ण अनुदानमा वितरण गरी स्थानीय बीउलाई प्रवर्द्धन गरिनुका साथै उत्पादन वृद्धिमा सहयोग गरेको ।
- व्यवसायिक कृषक संख्या वृद्धि, उत्पादन तथा स्वरोजगार वृद्धिका लागि कृषकलाई कृषि ऋणमा व्याज अनुदान प्रवाह कार्य शुभारम्भको चरणमा रहेको ।

**पशु सेवा शाखा**

- बाख्रा र गाई भैंसी पालन तालिम, कुकुर बन्ध्याकरण, बोयर बोका, रियोसेन्ट्री घाँसको बीउ वितरण ।

**शिक्षा तर्फ**

- शिक्षक दरबन्दी मिलान गरिएको ।
- शिक्षक दरबन्दी कम भएका विद्यालयमा २९ जना नगर स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको
- अन्तर विद्यालय मा.वि स्तरीय विज्ञान प्रदर्शनी सम्पन्न गरिएको ।
- अन्तर विद्यालय राष्ट्रपति रनिङ्शील्ड प्रतियोगिता सम्पन्न गरिएको ।
- १५ वटा सामुदायिक विद्यालयमा ई-हाजिरी मेशीन जडान गरिएको ।
- विद्यालयहरुमा ICT Lab, Science Lab, E-library को व्यवस्था गरिएको ।
- सामुदायिक विद्यालयमा खेलकुद सामग्री वितरण गरिएको ।
- छात्राहरुको लागि स्यानेटरी प्याड खरीद गरिएको ।
- कक्षा १-५ मा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालय पोशाक खरीदको अन्तिम चरणमा रहेको ।
- स्थानीय पाठ्यक्रम निर्माण भै कार्यान्वयन चरणमा रहेको ।
- स्थानीय पाठ्यपुस्तक लेखन कार्य भैरहेको ।
- संस्थागत विद्यालयको शुल्क निर्धारण गरिएको ।
- शैक्षिक क्यालेण्डर २०८० तथा शिक्षक डायरी २०८० तयार भई छपाईको क्रममा रहेको ।
- विद्यालयस्तरीय र नगरस्तरीय परीक्षाहरु मर्यादित वातावरणमा सञ्चालन भई सम्पन्न भएको ।
- वैशाख ३ र ५ गतेबाट पाठ्यक्रम कार्यान्वयन तथा बालविकास शिक्षक तालिम सञ्चालनको तयारीमा रहेको ।

**सूचना प्रविधि**

- सडक सि.सि.टि.भी. क्यामरा जडान — ९ स्थानमा ७२ थान सि.सि.क्यामरा जडान गरिएको । (प्रहरी वृत्त चापागाउँ २४ वटा, बाडेगाउँ प्रहरी प्रभाग १० वटा, वडा नं.२ ६ वटा, वडा नं. ४ मा ७ वटा, लेले प्रहरी चौकी ५ वटा, सन्तानेश्वर प्रहरी कार्यालय ७ वटा, वडा नं.१मा ८ वटा, प्रहरी कार्यालय टिकाभैरव ८ वटा, प्रहरी कार्यालय छम्पी ८ वटा
- कार्यालयमा सि.सि.टि.भी.जडान — १२ वटा कार्यालयमा १२५ थान सि.सि.क्यामरा जडान गरिएको । (नगरपालिकाको कार्यालय र विभिन्न वडा कार्यालयमा जडान)
- सूचनामूलक डिजिटल लिडबोर्ड जडान — ५ स्थानमा जडान गरिसकिएको र बाँकी ६ स्थानमा जडानको क्रममा रहेको (नगरपालिकाको कार्यालय, वडा नं. १४, देशार भवन वडान नं.११, ठेचो भैरव मन्दिर १२, बडिखेल बसपार्क)
- सम्पूर्ण वडा कार्यालयमा ई हाजिरी जडान गरिएको ।

**महिला तथा बालबालिका शाखा**

- गोदावरी नगरपालिकालाई २०८२ चैत्र मसान्त भित्र बालमैत्री स्थानीय तह घोषणा गर्न सामूहिक प्रतिबद्धता जनाइएको र सम्पूर्ण वडामा समुदायस्तर र विद्यालयस्तरमा बालक्लब गठन, वडास्तरीय बालसञ्जाल गठन र नगर बालसञ्जाल गठनको कार्य सम्पन्न गरियो ।

**उद्योग तथा सहकारी**

- गोदावरी नगरपालिकाको सहकारी प्रोफाइल निर्माण गरिएको ।
- १२८ वटा सहकारी संस्थाको फाईल व्यवस्थित गर्नुका साथै फाईल डिजिटाईजेशन गरियो ।
- विभिन्न उद्योग व्यवसायहरुको नियमित दर्ता, नवीकरण, खारेजी ।
- सहकारी संस्थाहरुको प्रवर्द्धन र विकासको लागि सहकारी शिक्षा, सम्पत्ति शुद्धिकरण, सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन, व्यवस्थापन सूचना प्रणाली लगायतका विषयमा तालिम, अभिमूखीकरण तथा अर्न्तक्रिया कार्यक्रम सञ्चालन
- घरेलु तथा साना उद्योग प्रवर्द्धन र उद्यमशीलता विकासको लागि विभिन्न उद्यमशील तालिम सञ्चालन
- उद्योग तथा व्यवसायहरुको दर्ता, नवीकरण तथा नियमन तथा तथ्याङ्कहरुलाई व्यवस्थित गर्न सफ्टवेयरको निर्माण गरिएको ।

**वातावरण ५**

- सडक किनारमा वृक्षारोपणको कार्य निरन्तर भैरहेको ।
- कुनै पनि परियोजनाको निर्माण तथा सञ्चालन भन्दा पहिले वातावरणीय अध्ययन गरेर मात्र गर्ने गरेको।
- विद्यालयस्तरमा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अभिमुखीकरण कार्य सम्पन्न भएको ।

- समुदायस्तरमा फोहोरमैला व्यवस्थापन तथा घरेलु फोहोर व्यवस्थापन गर्न कम्पोष्टमोल बनाउने तालिम प्रदान
- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कानुन तर्जुमाको क्रममा रहेको एवम् खानेपानी सरसफाई तथा स्वच्छता योजना तर्जुमाको क्रममा रहेको ।

**स्वास्थ्य तर्फ**

- प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुमा चिकित्सकीय सेवा उपलब्ध गराइएको ।
- ठेचोमा नगरस्तरीय प्रयोगशाला सञ्चालन गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- देवीचौरको छोटीडाँडा र विशंखुनारायणको चापाखर्कमा नगर स्वास्थ्य केन्द्र स्थापना गरी सेवा शुरुवात भएको ।
- ठेचोमा आँखा उपचार केन्द्र स्थापना गरी उपचारको कार्य भैरहेको ।
- बडिखेल स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा शुरुवात भएको ।
- ग्रामीण अल्ट्रासाउण्ड घुम्ती शिविर सबै वडाहरुमा सञ्चालन भईरहेको ।
- स्वास्थ्यकर्मीहरुका लागि वृहत पोषण क्षमता तालिम सम्पन्न
- खोप सञ्चालन नियमित रुपमा भैरहेको ।

**कानून शाखा**

- नरपालिकालाई आवश्यक पर्ने विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- ऐन-८, नियमावली-३, निर्देशिका- ५, कार्यविधि-१८, आचार संहिता — १ गरी जम्मा ३५ वटा कानुन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- न्यायिक समिति तर्फ
  - निवेदन दर्ता : ९२
  - आ.व २०७६ देखि सरि आएको निवेदनको संख्या : ३५
  - आन्तरिक मिलापत्र : ३४
  - मिलापत्र : ६
  - फैसला : ६
  - तामेली : १७
  - चालू : ७४
- महिला लक्षित कार्यक्रम मार्फत महिलाहरुले आत्मनिर्भर हुने तालिम सहित प्रविधि हस्तान्तरण गरिएको छ ।
- गृहिणी महिला विद्यालय सञ्चालनका लागि हाल CLC मार्फत पढाई सञ्चालनमा ल्याउने तयारी गरिएको ।
- लघुउद्यम मार्फत महिला व्यवसायीलाई प्रोत्साहनका लागि बैंक मार्फत निर्व्याजी ऋण उपलब्ध गराउने तयारी ।